चैत्र ०४,२०७७

यस डिप्रोक्स लघुवित्त वित्तीय संस्थाले कार्यस्थलमा प्रत्यक्ष रूपमा सदस्यहरूसँग सरोकार राख्ने कार्यक्रम सहायकहरूको क्षमता अभिवृद्धि गर्न थप तालिम दिई सक्षम र सवल बनाउनु आवश्यक देखिएकोले डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आयोजनामा मिति २०७७ फागुन २१ र २२ गते वोडे भक्तपुरमा, मिति २०७७ फागुन २५ र २६ गते बुटवल रूपन्देहीमा र मिति २०७७ फागुन २८ र २९ गते कोहलपुर बाँकेमा Boosting Program Assistant’s Morale/Productivity बिषयक तालिम संचालन गरिएको थियो ।

उक्त कार्यक्रमहरूमा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री शेषरमण आचार्यज्यूले सहभागीहरूलाई यस संस्थाको भबिष्यको कार्य योजना सम्बन्धी जानकारी दिनुभएको थियो भने संस्थाका का.मु. सहायक महाप्रबन्धक श्री हेमकुमार काफ्लेले कार्यक्रमका फिल्ड सहायकको काम र कर्तव्यको बारेमा तालिम दिनुभएको थियो ।




डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Deprosc Laghubitta Bittiya Sanstha Limite
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)
Boosting Program Assista
Morale/Productivity Trai
मिति : २५-२६ फाल्गुन, २०७७
स्थान : बुटवल, रुपन्देही


डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Deprosc Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)
Boosting Program Assistant
Morale/Productivity Training
मिति : २८-२९ फाल्गुन, २०७७
स्थान : कोहलपुर, बाँके

यस वित्तिय संस्थाको संस्थापक संस्था कृषि बिकास बैक प्रा.लि.बाट श्रोत ब्यक्तिका रूपमा आउनु भएका श्री राजु कार्की, श्री जगदिश्वर पन्थी र श्री गिरी राज रेग्मीले उत्प्रेरणा सम्बन्धी, उन्नती सहकार्य लघुवित्त वित्तीय संस्थाका कार्यकारी अधिकृत श्री प्रेमबहादुर पाठक र निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाका कार्यक्रम व्यबस्थापक श्री जिताराम गौतमले Delinquencies & Its Management सम्बन्धी र यस संस्था विभागीय प्रमुखहरू तथा सम्बन्धित प्रदेश प्रमुखहरूले हाल कार्यक्रम संचालनमा देखिएका समस्या र समाधानको बारेमा तालिम दिनुभएको थियो । उक्त तालिममा प्रदेश नं २, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश अन्तरगतका शाखा कार्यालयहरूमा कार्यरत जम्मा ७२ जना कार्यक्रम सहायकहरू सहभागी भएका थिए ।